नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं

फोन नं.:-०१-५९७१३०१
Website:-www.ppmo.gov.np
E-mail:- darta@ppmo.gov.np

प.सं.:- ०८१/०८२( अनुसन्धान तथा विकास शाखा )
च.नं.:- MA/२१४६

मितिः२०८२।०३।०९

## सार्वजनिक सूचना
## संशोधित नमूना बोलपत्र कागजात (SBD) सम्बन्धी जानकारी

यस कार्यालयको मिति २०८२।०२।२० गतेको सचिवस्तर निर्णय बमोजिम तपसिलमा उल्लेखित निर्माण कार्यहरूका लागि प्रयोग गरिने नमूना बोलपत्र कागजात (Standard Bidding Document) हरू संशोधन गरिएको छ। संशोधित कागजातहरू यस कार्यालयको बेवसाइट https://ppmo.gov.np मा अपलोड गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को खण्ड (ख) बमोजिम सार्वजनिक निकायहरूद्वारा बोलपत्र कागजात तयार गर्दा यस कार्यालयको वेवसाईटमा राखिएको संशोधित नमूना बोलपत्र कागजातहरू प्रयोग गरी खरिद प्रक्रिया गर्न हुन, साथै बोलपत्रदाता, बैंक तथा वित्तीय संस्था, बिमा संस्था तथा सम्बन्धित सम्पूर्ण पक्षहरूद्वारा समेत, निम्नानुसारका संशोधित नमूना बोलपत्र कागजातहरू प्रयोग गर्न सबै सरोकारवाला पक्षहरूलाई यस सूचनामार्फत जानकारी गराइन्छ।

हाललाई, संशोधित नमूना बोलपत्र कागजातहरू विद्युतीय खरिद प्रणाली (e-GP system) मा अद्यावधिक (update) भइ नसकेको हुँदा, अद्यावधिक नभएसम्म e-GP प्रणालीमा उपलब्ध uploadable मोड्युल मात्र प्रयोग गर्न अनुरोध गरिन्छ।

<u>तपसिलः</u>

1. Standard Bidding Document for Procurement of Works, (NCB), Without Qualification Requirement, Single-Stage: Single Envelope Bidding Procedure, for use in NCB Works up to 20 million [Revised on June, 2025];

2. Standard Bidding Document for Procurement of Works, (NCB), Single Stage Two Envelope Bidding Procedure, Procurement of value above 20 million [Revised on June, 2025].

०३।०९

(सुभाष कुमार खड्का क्षेत्री)
इन्जिनियर